# “पशु कल्याण तथा सुरक्षा ऐन को मस्यौदा, २०६८

प्रस्तावना
परिच्छेद - १
प्रारम्भिक
१.	संक्षिप्त नाम र प्रारम्भ
२.	परिभाषा
३.	ऐनको प्रयोजन तथा प्रयोग
४.	आफ्नो जिम्मामा पशु भएका व्यक्तिको दायित्व
परिच्छेद २
राष्ट्रिय पशु कल्याण तथा आचार समितिको स्थापना
५.	राष्ट्रिय पशु कल्याण तथा आचार समितिको संरचना
६.	सदस्यहरुको कार्यकाल
७.	सदस्यताको समाप्ति
८.	अञ्चल/प्रादेशकीय पशु कल्याण तथा आचार समिति
९.	समितिको सदस्यहरुको योग्यता
१०.	राष्ट्रिय पशु कल्याण तथा आचार समितिको अधिकार र कर्तव्य
११.	उप समितिहरु
१२.	प्रशासकीय सहायता
१३.	अञ्चल/प्रादेशकीय पशु कल्याण तथा आचार समितिको कार्य
परिच्छेद ३
पशु कल्याण
१४.	पशु धनीको पशु रेख देख गर्ने सम्बन्धी दायित्व
१५.	पशु क्रुरता निषेध हुने
१६)	शल्यक्रिया कार्यविधिको वर्गिकरण
१७)	पशुको परिवहन
१८)	पशु प्रजनन तथा आपूर्ति सम्बन्धी व्यवस्था
१९)	पशु वध आधिकारीक वधशालामा मात्र गरिने
२०)	सफारी पार्क
२१)	आपूर्तिकर्ता को दायित्व
२२)	गम्भिर रुपले घायल रहेको पशु बेच्न निषेध
२३)	निषेधित जाल वा स्पर spur को भोग गर्न निषेध
२४)	पशुलाई फसाउन तथा हानिकारक पदार्थको प्रयोग गर्न निषेध
२५.	पशुलाई भएको चोटको सुचना दिनु पर्ने
२६.	खतरनाक तथा जंगली पशु सम्बन्धी व्यवस्था
२७.	माछा मार्न जिवित चारा प्रयोग गर्ने सम्बन्धी व्यवस्था
२८.	कुकुर जनसंख्यामा नियन्त्रणसम्बन्धी व्यवस्था
२९)	धार्मिक निष्ठा अन्तर्गत गरिने वध सम्बन्धी व्यवस्था
३०)	पीडा कम गर्ने अधिकार
परिच्छेद ४

पशु कल्याण सम्बन्धी संहिता
३१.	पशु रेखदेख तथा आचरण सम्बन्धी न्यूनतम मापदण्ड
२१.	संहिताको तयारी
परिच्छेद ५
वैज्ञानीक प्रयोजनमा पशुको प्रयोग सम्बन्धी प्रयोजन
३३.	वैज्ञानीक प्रयोजन
३४.	पशुमा हुने परीक्षणको नियन्त्रण तथा सुपरिवेक्षण गर्ने समिति
३५.	उप समितिहरु
३६.	समितिका कर्मचारीहरु
३७.	समितिका कार्यहरु तथा पशु परिक्षण सम्बन्धी नियम बनाउने अधिकार
३८.	प्रवेश तथा निरिक्षण गर्ने अधिकार
३९.	पशु परिक्षण निषेध गर्न सक्ने अधिकार
४०.	सजाय
४१.	राजिर्स्टर्ड व्यक्तिको सुचना दिनु पर्ने दायित्व
परिच्छेद ६
पशु प्रर्दशन सम्बन्धी व्यवस्था
४२.	प्रदर्शन तथा प्रशिक्षणको परिभाषा
४३.	पशु प्रदर्शन तथा प्रशिक्षणमा नियन्त्रण
४४.	दर्ताको कार्यविधि
४५.	परिसर प्रवेश गर्ने अधिकार
४६.	कसूर
४७.	छुट सम्बन्धी व्यवस्था

परिच्छेद ७
प्रशासन सम्बन्धी व्यवस्था
४८.	स्वीकृत संस्था
४९.	स्वीकृतीको मापदण्ड
५०.	निरीक्षकको नियुक्ति
५१.	सहायक अधिकारीहरुको नियुक्ति
५२.	निरीक्षक तथा सहायक अधिकारीहरुले महनिर्देशकको निर्देशन अनुसार कार्य गर्नु पर्ने
५३.	सम्बन्धीत भूमी, परिसर, स्थान, सवारी साधन, विमान, पानी जहाज निरीक्षण गर्ने अधिकार
५४.	गम्भीर विरामी वा घायल पशु सम्बन्धी व्यवस्था
५५.	स्वीकृत संस्थाको दायित्व
५६.	रेकर्ड रजिष्टर राख्नु पर्ने दायित्व
५७.	प्रचलन आदेशको निवेदन
५८.	पुनरावेदन अदालतमा पुनरावेदन दिन सकिने
५९.	ऐनबाट प्राप्त अधिकारमा कार्य गर्ने व्यक्तिहरुको संरक्षण
६०.	निरिक्षक तथा सहायक अधिकारीहरुको कार्यमा बाधा
परिच्छेद ९

विविध

६१. सफारी पार्कमा सिकार सम्बन्धी व्यवस्था
६२. कृषि तथा हानिकरक पदार्थ
६३. खर्च वसूल गर्ने सम्बन्धि कार्यविधि

# “पशु कल्याण तथा सुरक्षा ऐन को मस्यौदा, २०६८

**प्रस्तावना**

पशुहरु जिउँदो भावना भएका जन्तु हुन् र तसर्थ मानिसहरु, समाज र राज्यबाट पशुहरुले उचित ध्यान तथा सम्मान पाउनु आवश्यक रहेको छ । यो ऐन पशु कल्याण र पशुमा जीविकोपार्जन निर्वर रहेका मानिसको हितको उचित सन्तुलन कायम गर्ने तथा पशुको कल्याण तथा पशुमाथि हुने दुर्व्यवहार नियन्त्रणगर्ने निम्न विशेष सन्दर्भमा बाञ्छनीय रहेको छः

१. पशु धनी तथा पशु जिम्मामा लिएका व्यक्तिहरुबाट पशुमाथि कल्याणकारी व्यवहार गराउन,
२. कुनै पशु वा पशुको वर्गमाथि गर्न नहुने आचरण निर्दिष्ट गर्न,
३. जनावरको अनुसन्धान, परिक्षण, मोरन्जन तथा शैक्षिक कार्यमा प्रयोग गर्न स्वीकृति दिने कार्यविधिबारे व्यवस्था गर्न,
४. व्यापारिक परिवहनमा पशुप्रति मानवीय व्यवहार सुनिश्चित गर्न,
५. पशुलाई चोरी र बिक्रि तथा प्रयोगमा रोकथाम गर्न,
६. पशु कल्याण अभ्यास सम्बन्धी आधिकारीक संहिता विकास, प्रकाशन तथा लागू गरी नियमन गर्न,
७. लागू भएको पशु कल्याण सम्बन्धी पहलको महत्वपूर्ण समाजिक तथा जन स्वास्थ्यमा पर्ने परिणाम बारे जनमानसमा सचेत गराउन ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम “पशु कल्याण तथा सुरक्षा ऐन, २०६८” रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “पशु” भन्नाले जिउँदो पशु साम्राज्यका स्तनधारी जनावर, अथवा पंक्षी, अथवा घस्रिने जन्तु (रेप्टाइल्स) अथवा जलथलचर अथवा कुनै अक्टोपस, चिप्लेकिरा, गँगटो, लोब्स्टर, के फिस । पशु भन्नाले स्तनपेयी भ्रूण, अथवा घस्रिने जन्तु का अण्डा पंक्षीको रुपमा आउनु पूर्वको अवस्था जसले कम्तिमा गर्भधारण अवधिको अन्तिम चरण पुरा गरेको वा विकास भएको मानव जातिमा नपर्ने जन्तुलाई जनाउनेछ ।

(ख) “पशु प्रतिष्ठान” भन्नाले पशुलाई प्रदर्शन, खेलकुद, मनोरञ्जन, अस्थायी देखभाल, बिक्रि, संरक्षण, उत्पादन, वैज्ञानीक प्रयोग वा अन्य कुनै कार्यमा संलग्न गराउने प्रमुख कार्य रहेको कुनै पशु प्रयोग हुने स्थान वा कुनै व्यक्तिको जिम्मामा पशु रहेको स्थानलाई जनाउनेछ ।

(ग) “पशु कल्याण” भन्नाले, पशुलाई प्रदान गरिने पाँच स्वतन्त्रता, जसअनुसार, तिर्खा, भोक र अपुष्ट भोजन विरुद्धको स्वतन्त्रता, वातावरणबाट हुने असुविधा विरुद्धको स्वतन्त्रता, पीडा, चोट र रोग विरुद्धको स्वतन्त्रता, प्रजातिप्रति सामान्य व्यवहार व्यक्त गर्ने स्वतन्त्रता, र भय र संकट विरुद्धको स्वतन्त्रतालाई जनाउनेछ।

(घ) “पशु कल्याण निर्यात प्रमाणपत्र” भन्नाले यस ऐन अन्तर्गत स्थापित राष्ट्रिय आधिकारिक समितिले वितरण गरेको निर्यात प्रमाणपत्र सम्झनुपर्नेछ।

(ङ) “स्वीकृत संस्था” भन्नाले यस ऐनको प्रयोजनको लागि राष्ट्रिय आधिकारीक समीतिले घोषणा गरेको नीजि वा सरकारी वा गैर सरकारी संस्था सम्झनुपर्नेछ।

(च) “सहायक अधिकारी” भन्नाले राष्ट्रिय समितिले नियुक्त गरेको सहायक कर्मचारी सम्झनुपर्नेछ।

(छ) “संहिता वाहक” भन्नाले नैतिक आचारको सन्दर्भमा महानिर्देशकको सहमतिले संहिता अनुसार अनुमतिपत्र प्राप्त गरेको व्यक्ति सम्झनुपर्नेछ।

(ज) “कल्याण संहिता” भन्नाले राष्ट्रिय समितिले जारी गरेको कल्याण संहिता सम्झनुपर्नेछ।

(ञ) “नियन्त्रित शल्यकृया कार्यविधि” भन्नाले राष्ट्रिय पशु कल्याण तथा आचार समितिले पशु चिकित्सक तथा निजको सुपरिवेक्षणमा रहेको व्यक्तिले पशुको शल्यक्रिया गर्दा अपनाउनु पर्ने संहिताको घोषित कार्यविधिको सुचि भन्ने सम्झनु पर्नेछ।

(ट) “विभाग” भन्नाले नेपाल सरकार पशु सेवा विभाग जनाउनेछ।

(ठ) “यन्त्र” भन्नाले राष्ट्रिय समितिले निर्धारण गरेको पशुलाई मार्न, व्यवस्थापन गर्न, जाल थाप्न, नियन्त्रण गर्न, प्रतिरोध गर्न, स्थिर राख्न प्रयोग गरिने उपकरण, उपाय तथा विद्युतीय वा इलेक्ट्रोनिक साधन भन्ने सम्झनुपर्नेछ।

(ड) “महा निर्देशक” भन्नाले नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालयको पशु सेवा विभागको महा निर्देशक सम्झनु पर्नेछ।

(ढ) “लागू गर्ने आदेश” भन्नाले यस ऐन अनुसार सुचना दिई वा नदिई गरिएको लागू गर्ने आदेश सम्झनु पर्नेछ।

(ण) “जंगली पशु” भन्नाले जंगली स्थितीमा बसोबास गर्न रुचाउने जंगली वा घरेलु पशु भन्ने सम्झनु पर्नेछ।

(त) “सिकार वा हत्या” भन्नाले सिकार गर्ने, माछा मार्ने वा खोज्ने वा मार्ने, नियन्त्रणमा लिने, समात्ने, जाल थाप्ने, शान्त पार्ने वा स्थिर राख्ने प्रकारले पशुलाई हैरानी दिने समेतको कार्य सम्झनुपर्नेछ।

(थ) "दुर्व्यवहार" भन्नाले कुनै कार्य गरि वा नगरि अनावश्यक रुपमा पशुलाई पीडा अथवा कठिनाई पुऱ्याउने कुनै कार्य अथवा स्थिती वा कुनै प्रयोजन वा परिस्थितिलाई जनाउँछ ।

(द) "निरिक्षक" भन्नाले यस ऐनको प्रयोजनको लागि राष्ट्रिय पशु कल्याण तथा आचार समितिबाट अनुमोदन भई विभागको महानिर्देशकबाट नियुक्त भएको निरिक्षक सम्झनुपर्नेछ ।

(ध) "चिह्न" भन्नाले कुनै पशुलाई अन्य सोही प्रजातीका पशुहरु वा अन्य प्रजातिका पशुहरु बाट छुट्याउन प्रयोग गरिएको वा अपनाइएको कुनै प्रकारको पट्टा वा घण्टी वा क्लिप वा एलेक्ट्रोनिक पहिचान यन्त्र वा रंग वा अन्य वस्तुको प्रयोग गर्नु भन्ने सम्झिनुपर्नेछ ।

(न) "मन्त्री" भन्नाले नेपाल सरकार, कृषि तथा सहकारी मन्त्री सम्झनुपर्नेछ ।

(प) "मन्त्रालय" भन्नाले नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्नेछ ।

(फ) "राष्ट्रिय पशु कल्याण तथा आचार समिति" भन्नाले यस ऐनद्वारा स्थापित समिति सम्झनुपर्नेछ ।

(ब) "धनी" भन्नाले पशुको सम्बन्धमा पशु धनी मात्र नभई कुनै समयमा पशु धनीको स्वीकृतिमा वा स्वीकृती बिना पशु आफ्नो नियन्त्रणमा राख्ने वा भोग गर्ने व्यक्ति सम्झनुपर्नेछ ।

(भ) "पशु जिम्मा लिएको व्यक्ति" भन्नाले आफ्नो नियन्त्रणमा वा भोग वा पर्यवेक्षणमा पशु रहेको वा पशुलाई रेख देख गर्ने व्यक्ति सम्झनुपर्नेछ ।

(म) "कीट" भन्नाले घरेलु जनावरहरु जस्तै विरालो, कुकुर, खरायो, वा  अन्य जनावरलाई खतरनाक रहेको जंगली अवस्थाका जनावर तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले निर्दिष्ट गरेको जंगली तथा अबाञ्छनीय कीटलाई सम्झनुपर्नेछ ।

(य) "शारीरिक, स्वास्थ्य र व्यवहारिक आवश्यकता" भन्नाले उचित तथा पर्याप्त खाना, पानी, उचित बासस्थान, सामान्य व्यवहार प्रदर्शन गर्ने मौका, शारीरिक व्यवहार जसले गर्दा अनावश्यक पीडा र संकट कम गर्छ, पशुलाई चोट र रोगबाट संरक्षण र आकस्मिक निदान गर्ने कार्य भन्ने सम्झनुपर्छ जुन खास पशु, वातावरण, र स्थितीमा निर्धारण हुनुपर्छ ।

(र) "निषेधित यन्त्र" भन्नाले यस ऐनको उद्देश्यकोलागि निषेध घोषणा गरिएको यन्त्र सम्झनुपर्नेछ ।

(ल) "निषेधित जाल" भन्नाले यस ऐनको उद्देश्यकोलागि निषेध घोषणा गरिएको जाल सम्झनुपर्नेछ ।

(व) “निषेधित शल्यक्रिया कार्यविधि” भन्नाले नियमावलिमा निर्धारण गरिएबमोजिम निषेध गरिएको शल्यक्रिया सम्बन्धी कार्यविधि सम्झनुपर्नेछ ।

(स) “परियोजना” भन्नाले प्ररिक्षण कार्यविधि, अथवा सम्बन्धीत प्ररिक्षणको श्रृंखला जसले अनुसन्धानको अलग हिस्सा ओगटेको हुन्छ वा कुनै निश्चित समय वा कुनै परिक्षणको श्रृंखला वा प्रदर्शनको कुनै नियमित तोडमोडलाई शैक्षिक वा अनुसन्धानको प्रयोजनलाई सम्झनुपर्नेछ ।

(श) “सफारी पार्क“ भन्नाले पर्यटन ऐन, २०३५ले परिभाषित गरे बमोजिम सम्झनुपर्नेछ ।

(ष) “खतरामा रहेका प्रजाती” भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले परिभाषित गरे बमोजिम सम्झनुपर्नेछ ।

(ह) “लोपोन्मुख प्रजाती” भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले परिभाषित गरे बमोजिम सम्झनुपर्नेछ ।

(क्ष) “जाल” भन्नाले राष्ट्रिय समितिले निर्धारण गरेको जाली, पींजडा, बाँध, खतरा थापि वा कुनै यांत्रिक साधन प्रयोग गरी मार्न, व्यवस्थापन गर्न, जाल थाप्न, नियन्त्रण गर्न, प्रतिरोध गर्न, स्थिर राख्न प्रयोग गरिने उपकरण, कार्यविधि लाई जनाउनेछ, यसमा बारेको जग्गा, पशु बासस्थान र यातायातको निमित्त प्रयोग गरिने पीजडा पर्दैन ।

(त्र) “सवारी साधन” भन्नाले यस ऐनको नियमावलीमा व्यवस्था भए बमोजिम पशु परिवहनको निमित्त स्थल, जल वा वायु मा प्रयोग गरिने वाहक सम्झनु पर्नेछ ।

(ज्ञ) “पशु चिकित्सक” भन्नाले नेपाल पशु चिकित्सक काउन्सिल ऐन, २०५५ बमोजिम दर्ता भएका पशु चिकित्सक सम्झनुपर्नेछ ।

(कक) “पशु चिकित्सकको अनुमोदन” भन्नाले दर्ता भएका पशु चिकित्सकले कुनै व्यक्तिलाई नियन्त्रित शल्यक्रिया गर्न दिएको स्वीकृति सम्झनुपर्नेछ ।

(कग) “वैज्ञानीक उद्देश्य” भन्नाले

(अ) वैज्ञानीक क्षेत्रमा ज्ञान प्राप्त गर्न, ज्ञान प्रदर्शन गर्न, ज्ञान विकास गर्न वा प्रविधि; निदान, वातावरणीय अध्ययन, फिल्ड परीक्षण, जैवीक वस्तु उत्पादन, उत्पादन परीक्षण, अनुसन्धान र शिक्षकोलागि कुनै कार्य गर्नु भन्ने सम्झनुपर्नेछ ।

(आ) पशुको वैज्ञानीक प्रयोग भन्नाले माथि उपदफा (अ) बमोजिमको कुनै कार्य गर्न कुनै पशु मार्नु समेतलाई समावेश गरिन्छ ।

(कघ) “अनुसन्धान, परीक्षण र शिक्षण” भन्नाले कुनै पशुमा केही परिवर्तन (मेनिप्युलेसन) गरि अनुसन्धानमूलक, खोजमूलक वा परीक्षणमूलक वा निदानमूलक वा विष परीक्षण सम्बन्धि, वा शक्ति परीक्षण सम्बन्धी कार्य; वा पशुमा केही परिवर्तन (मेनिप्युलेसन) गरि सीरम विरोधी (anti serum) वा कुनै जैवीक उत्पादन उत्पादनकोलागि गरिने कार्य वा पशुमा केही परिवर्तन (मेनिप्युलेसन) गरि शैक्षिक कार्यमा गरिने कार्य सम्झनुपर्नेछ ।

(कङ) “संहितको वैज्ञानीक प्रयोग” भन्नाले यस ऐनको नियमावलीले निर्धारण गरे बमोजिम ‘वैज्ञानीक उद्देश्यकोलागि प्रयोग गरिने पशुको देख भाल र प्रयोग सम्बन्धी राष्ट्रिय संहिता’ अनुसारको देख भाल र प्रयोग भन्ने सम्झिनुपर्नेछ ।

(कच) “पशु आचार समिति” भन्नाले ऐस ऐन अनुसार वैज्ञानीक आचार धारकले निर्माण गरेको पशु आचार समिति सम्झनुपर्नेछ ।

## ३. ऐनको प्रयोजन तथा प्रयोग

यस ऐनको प्रयोजन पशु कल्याण र पशुमा जिवीकोपार्जन निर्भर रहेका मानिसहरुको हितबीच उचित सन्तुलन प्राप्त गर्नु ; र पशु जीव विज्ञान र परिवर्तनबारे तथा वैज्ञानीक ज्ञानको क्षेत्रमा भएको प्रगतिको असर समाजका मानिसहरुको पशु व्यवहारमा प्राप्त गराउन ; पशुलाई अन्यायपूर्ण, अनावश्यक तथा अनुचित पीडाबाट रक्षा गर्न ; पशुको प्रयोग भई हुने वैज्ञानीक तथा शैक्षिक कार्यलाई पारदर्शी, जवाफदेही र उत्तरदायी होस भनी निश्चय गर्नु हो ।

निम्न लिखित कार्यहरुबाट यस ऐनको प्रयोजन प्राप्त गरिनेछ ।

१) राष्ट्रिय पशु कल्याण तथा आचार समिति तथा केन्द्रिय पशु संस्था र त्यस्तै संस्था अञ्चल/प्रादेशिक स्तरमा स्थापना गरेर,
२) पशु व्यवहार संहिताको नियम प्रदान गरेर,
३) संहिताको अनुपालनको लागि चाहिने नियम जारी गरेर,
४) पशु जिम्मामा लिएका व्यक्तिहरुको दायित्व सिर्जना गरेर,
५) पशु प्रति केही व्यवहार र कार्य गर्न निषेध गरेर,
६) वैज्ञानीक प्रयोजनको लागि पशु प्रयोग गर्ने व्यक्तिहरुलाई वैज्ञानीक प्रयोग संहिता अनुसार कार्य गर्न लगाएर,
७) पशुको वैज्ञानीक तथा शैक्षिक प्रयोग गर्ने व्यक्तिहरुको दर्ता गर्ने व्यवस्था गरेर,
८) संहिता अनुरुपको व्यवहार तथा वैज्ञानीक प्रयोग भएको/नभएको निगरानी राख्ने आधिकारीक व्यक्तिको नियुक्ति गर्ने,
९) यस ऐन अनुसार अनुसन्धान तथा लागू गराउन निरीक्षकको नियुक्ति गर्ने ।

## ४. आफ्नो जिम्मामा पशु भएका व्यक्तिको दायित्व

पशु धनी भई वा अन्य कारणले पशु जिम्मामा लिएको वा हेरचाह गर्ने हरेक व्यक्तिको पशु कल्याण तथा भलाई गर्ने, पशुलाई आघात, पीडा वा कष्ट को आघातबाट मुक्ति सुनिश्चित गर्ने दायित्व हुन्छ। पशु जिम्मामा लिएका व्यक्तिहरुले पशुलाई निम्नानुसार सुनिश्चितता प्रदान गरेको हुनुपर्दछ।

अ) तिर्खा, भोक तथा अपुष्ट भोजन विरुद्ध को स्वतन्त्रता
आ) वातावरणबाट हुने असुविधा विरुद्धको स्वतन्त्रता
इ) पीडा, चोट र रोग विरुद्धको स्वतन्त्रता
ई) प्रजातिप्रति सामान्य व्यवहार व्यक्त गर्ने स्वतन्त्रता
उ) भय र संकट विरुद्धको स्वतन्त्रता

# परिच्छेद २

# राष्ट्रिय पशु कल्याण तथा आचार समितिको स्थापना

## ५. राष्ट्रिय पशु कल्याण तथा आचार समितिको संरचना

(१) यस ऐन अनुसार निम्नअनुसार एक "राष्ट्रिय पशु कल्याण तथा आचार समितिको गठन हुने छ :
- (क) नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालयबाट एक प्रतिनिधि - सभापति
- (ख) नेपाल सरकारले सम्बन्धित नागरिक समाजबाट एक व्यक्ति मनोनयन गर्नेछ - सदस्य
- (ग) विभिन्न स्वीकृत संस्थाबाट ४ जना - सदस्य
- (घ) नेपाल बार एसोसिएसनबाट एक जना - सदस्य
- (ङ) नेपाल पशुचिकित्सक काउन्सिलबाट एक जना - सदस्य
- (च) नेपाल पशुचिकित्सक संघबाट एक प्रतिनिधि - सदस्य
- (छ) नेपाल प्यारा भेटेनरी एण्ड लाइभ स्टक एसोसिएसनबाट एक प्रतिनिधि -सदस्य
- (ज) नगरपालिकाबाट एक प्रतिनिधि - सदस्य
- (झ) व्यवस्थापिका संसदबाट एक प्रतिनिधि - सदस्य
- (ञ) पशु सेवा विभागबाट एक प्रतिनिधि - सदस्य सचिव

(२) नेपालसरकारले सदस्यहरु मध्येबाट एक सभापति र एक उप सभापति मनोनयन गर्नेछ।

## ६. सदस्यहरुको कार्यकाल

राष्ट्रिय पशु कल्याण तथा आचार समिति को सम्पूर्ण सदस्यहरुको

(क) नियुक्ति तथा मनोनयन नेपाल सरकारले गर्नेछ र राजपत्रमा सुचना प्रकाशित गर्नेछ ।

(ख) सदस्यहरुको कार्यकाल नियुक्ति भएको मितिबाट पाँच वर्षको हुनेछ

(ग) कार्यकाल समाप्त भएको सदस्यलाई नेपाल सरकारले पुनः अर्को कार्यकालको लागि नियुक्त गर्न सक्नेछ ।

## ७. सदस्यताको समाप्ति

(१) निम्नलिखित अवस्थामा सदस्यहरुको कार्यकाल समाप्त भएको मानिनेछ ।

(क) नियुक्त भएका सभापति तथा उपसभापति र कुनै सदस्यहरुले नेपाल सरकार समक्ष लिखित राजिनामा दिई उक्त राजिनामा स्वीकृत भएमा,

(ख) कार्य गर्न असक्षम भएमा, टाँट पल्टिएमा, दायित्व निर्वाह गर्न हेलचेक्राइ गरेमा, वा दुराचारमा संलग्न भएमा वा सरकारकोलागि असंतोष सावित भएमा,

(ग) कुनै वैध कारण विना समितिको बैठकमा लगातार तीन पटक अनुपस्थित भएमा,

(घ) मृत्यु भएमा,

(२) यदि कार्यकाल पुरा नभई यस दफा बमोजिम समितिका कुनै पदाधिकारीको पद समाप्त भएमा दफा ५ बमोजिम उक्त रिक्त पद पूर्ति गरिनेछ ।

## ८. अञ्चल/प्रादेशकीय पशु कल्याण तथा आचार समिति

नेपाल सरकारले हरेक अञ्चल/ प्रदेशमा देहायको सदस्य सहितको अञ्चल/प्रादेशकीय पशु कल्याण तथा आचार समिति स्थपना गर्नेछ ।

क) हरेक जिल्ला विकास कार्यालयको प्रतिनिधि एक जना - सभापति

ख) गैर सरकारी संस्था, स्वीकृत संस्था तथा नागरिक समाजबाट तीन जना सदस्य

ग) गाउँ तथा नगरपालिकाको पशु कल्याणकारी संस्थाबाट तीन जना सदस्य

घ) जिल्ला पशु सेवा कार्यालयको प्रतिनिधि एक जना - सदस्य सचिव

## ९. समितिको सदस्यहरुको योग्यता

नेपाल सरकारले अञ्चल/प्रादेशकीय पशु कल्याण तथा आचार समितिको सदस्यहरुको नियुक्ति गर्दा पशु क्षेत्रमा सार्वजनिक हित गर्ने तथा निम्न क्षेत्रमा ज्ञान तथा अनुभव भएका व्यक्तिलाई नियुक्त गर्नु पर्ने हुन्छ ।

क) पशु चिकित्सक विज्ञान
ख) पशु विज्ञान
ग) पशुको व्यापारिक प्रयोग,
घ) पशु रेखदेख, प्रजनन, तथा व्यवस्थापन सम्बन्धी जानकार,
ङ) पशुसँग सम्बन्धीत आचार तथा कार्य सम्बन्धी कार्य गरेको,
च) पशु कल्याण वकालत,
छ) पशु क्षेत्रमा सार्वजनिक हितमा कार्यरत,
ज) वातावरण तथा संरक्षण व्यवस्थापन,
झ) जैविक विज्ञान
ञ) शैक्षिक संस्थामा कार्यरत

## १०. राष्ट्रिय पशु कल्याण तथा आचार समितिको अधिकार र कर्तव्य

समितिको देहायको अधिकार र कर्तव्य हुनेछ ।

क) नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयलाई पशु कल्याण सम्बन्धी देहायको कुरामा सल्लाह दिने
  अ) पशु कल्याण सम्बन्धी अनुसन्धान बारे,
  आ) पशु कल्याण सम्बन्धी विधायकी प्रस्ताव बारे,

ख) पशु सम्बन्धित निषेधित शल्यक्रिया को कार्यविधिको वर्गिकरण गर्न ; र नियन्त्रित शल्यक्रिया कार्यविधि र यस ऐनको प्रयोजनकोलागि अन्य शल्यक्रिया कार्यविधिको सन्दर्भमा नेपाल सरकारलाई सुझाव दिने

ग) कुनै जाल र यन्त्रलाई निषेधित घोषणा गर्ने तथा प्रतिबन्ध गर्ने

घ) कल्याण सम्बन्धी संहिताको विषय, संशोधन, निलम्बन, रद्द गर्न तथा पुनरावलोकनको लागि नेपाल सरकारलाई उचित सुझाव दिने,

ङ) अन्य संस्था ता व्यक्तिलाई देहायको कार्यको लागि सहयोग तथा प्रोत्साहन गर्ने,
  अ) जाल, तथा यन्त्रको प्रयोग
  आ) जंगली अवस्थामा रहेका पशु मार्ने तथा शिकार गर्ने

च) प्रयोग, अनुसन्धान, परिक्षण तथा शैक्षिक प्रयोगमा पशु कल्याण सम्बन्धी कुराको आचार सम्बन्धी कुरामा नेपाल सरकारलाई सुझाव दिने

छ)	पशु मा हुने अनावश्यक जोड तोड  का सन्दर्भमा नेपाल सरकारलाई सुझाव दिने ।

ज)	आचारसम्बन्धी कार्यको संहिताको विकास तथा पुनरावलोकनको लागि सुझाव तथा जानकारी दिने

झ)	आचार सम्बन्धी कार्यको संहिताको मापदण्ड र नियमको सन्दर्भमा नेपाल सरकारलाई सुझाव दिने

ञ)	नेपाल सरकारलाई पशुमाथि हुने परिक्षणको नियन्त्रण तथा अनुगमन बारे जानकारी तथा सुझाव दिने

ट)	विभिन्न स्वतन्त्र तथा मातहतका समितिको प्रतिवेदन मूल्यांकन गर्ने,

ठ)	पशु प्रजनन तथा व्यापारको लागि दर्ता गर्न संस्था, कम्पनीबाट आएको निवेदन मूल्यांकन गर्ने,

ढ)	राष्ट्रिय पशु कल्याण तथा आचार समितिले वार्षिक प्रतिवेदन नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।

## ११. उप समितिहरु

क)	राष्ट्रिय पशु कल्याण तथा आचार समितिले आवश्यक परे अनुसार उप समितिहरु गठन गर्न सक्ने छ ।

ख)	उप समितिहरुको गठन प्रक्रिया, सदस्यहरुको पदावदी तथा तलब भत्ता नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

## १२. प्रशासकीय सहायता

उपसमिति तथा अञ्चल/प्रादेशिक समितिहरुको कार्य सम्पादनको लागि उक्त समितिहरुलाई महा निर्देशकले उपयुक्त प्रशासकीय सहायता प्रदान गर्नु पर्नेछ ।

## १३. अञ्चल/प्रादेशकीय पशु कल्याण तथा आचार समितिको कार्य

१)	अञ्चल/प्रादेशकीय पशु कल्याण तथा आचार समितिको कार्य देहाय बमोजिम हुनेछ ।

क)	आफ्नो क्षेत्रमा यस ऐन लागू गराउने,

ख)	अनुसन्धान तथा अदालतमा मुद्दा दायर गर्ने,
ग)	स्थानीय पशु कल्याण संस्थाको दर्ता तथा नवीकरण गराउने,
घ)	पशु कल्याण निरीक्षक तथा सहायक कर्मचारीको नियमन तथा मूल्यांकन गर्ने,
ङ)	तथ्य संकलन गर्ने,
च)	केन्द्रीय स्तरको कल्याण समिति तथा संस्थाहरुसँग समन्वय गर्ने,
छ)	स्थानीय स्तरको कल्याणकारी संस्थालाई सहयोग गर्ने,
ज)	महत्वपूर्ण क्षेत्रको आफै वा स्वीकृत संस्थाबाट व्यवस्थापन गराउने,
झ)	पशु दर्ता सम्बन्धी कार्य गर्ने
ञ)	निरीक्षक तथा सहायक कर्मचारीको गोप्य प्रतिवेदन राष्ट्रिय पशु कल्याण तथा आचार समितिलाई वार्षिक रुपमा पेश गर्ने
ट)	अन्य तोकिएको कार्य गर्ने

# परिच्छेद ३
# पशु कल्याण

## १४. पशु धनीको पशु रेख देख गर्ने सम्बन्धी दायित्व

पशु धनी वा पशु भोग गर्ने व्यक्तिको पशु स्याहार गर्ने र रेख देख गर्ने दायित्व रहेको हुन्छ। निम्न लिखित कार्य सुनिश्चित गर्न उचित कार्य नगरेमा दायित्व उल्लंघन गरेको मानिनेछ :

क)	पशु को आहारा तथा पानी, बास वा जीवित अवस्था देखाउन साधारण आचारण, पीडा र चोटको उपचार को आवश्यकता पूर्ति गर्ने र कल्याण संहिता अनुसार र सही अभ्यास तथा वैज्ञानीक ज्ञान अनुसार पशुको उचित सम्भाल गर्ने ।

ख)	पशुमाथि भएको अनावश्यक तथा अनुचित पीडा वा संकटबाट मुक्ति गराउन उचित तथा व्यवहारिक उपचार गर्ने,

ग)	यस ऐन तथा नियमावलीमा व्यवस्था गरिए बमोजिम स्थानीय निकाय वा पशु कल्याण संस्थामा पशु दर्ता गर्ने,

घ)	उपदफा (क) र (ख) विपरीत कार्य गरेमा कसूर गर्ने व्यक्ति वा संस्थालाई रु. १००० देखि रु. २५००० सम्म जरिवाना हुनेछ । उपदफा (ग) बमोजिम कार्य नगर्ने व्यक्ति वा संस्थालाई पशुको प्रजाति हेरि नियमावलीमा तोकिए बमोजिम सजाय हुनेछ ।

## १५. पशु क्रुरता निषेध हुने

१)	देहायका कार्य पशु माथि हुने क्रुरता हुनेछ, देहायका कार्य कसैले गर्ने वा गराउने कार्य गैर कानुनी हुनेछ ।

(क)	अनावश्यक, अनुचित वा अन्यायपूर्ण कार्य गरी पशुलाई पीडा दिने,
(ख)	पशुलाई पीडा दिन पिट्ने,
(ग)	पशु दुरुपयोग, पशुलाई आतंकित गर्नु, यातना दिनु वा पशुलाई चिन्ता गराउनु,
(घ)	बढी कुदाउनु, बढी दौडाउनु वा बढी काम गराउनु,
(ङ)	पशुमाथि निर्धारण नगरिएको विद्युतीय यन्त्रको प्रयोग गर्नु,
(च)	प्राकृतिक चाल अनुरुप नहुने गरी पशुलाई यथेष्ट रुपमा उचाई, लम्बाई, चौढाई नपुग्ने खोरमा राख्नु वा थुन्नु,
(छ)	कुनै पशुलाई सीमित हुने गरी गरहुँ वा सानो शिक्रि वा तार ले बाँध्नु वा खुट्टा बाँधेर राख्नु,
(ज)	पशु धनी भई पशुमाथि हेलचेक्राई गरेमा वा पशुलाई सधैँ शिक्रिले बाँधेर वा बन्द खोरमा राखेमा,
(झ)	पशु धनी भई पशुलाई उचित आहार, पानी वा बासको प्रबन्ध गर्न नसकेमा,
(ञ)	पशुको स्थानान्तरण, भोकमरी, तिर्खा, वा चोट वा अस्वस्थताको कारण पशुलाई पीडा, आघात वा कष्ट परेको स्थिीतीमा पशु त्याग गरेमा,
(ट)	राष्ट्रिय निकायले तोकेको यातायात मापदण्ड विपरीत पशु यातायात गराएमा ।
(ठ)	पर्याप्त आराम, आहारा वा पानी बिना कुनै पशुलाई काम वा श्रममा लगाउनु वा उमेर वा कुनै बिराम, चोट वा कमजोरी वा अन्य कुनै कारणले गर्दा काम गर्न अशक्त रहेको पशुलाई पशु धनीको हैसियतले काम गराउनु वा गर्न लगाउनु,
(ड)	अमानवीय तवरले मार्नु वा छिटो नमर्ने गरी मार्नु वा अनुचित पीडा भोग्न बाध्य गराई मार्नु,
(ढ)	निषेधित कार्यविधि अपनाई पशुमाथि अंगभंग गर्नु,
(ण)	कान काटी वा पुच्छर छोट्याई वा विषलु अंग हटाइ वा नंग्रा हटाई वा दाग लगाई वा घोची पशुको अंग भंग गरेमा वा समितिले निर्धारण गरे बाहेकको ढंगबाट पशु मारेमा,
(त)	मनोरञ्जन प्रदान मात्र गर्ने उद्देश्यले :
	१)	पशुलाई थुन्नु वा थुन्न लगाउनु र कुनै पशुलाई बाँधेर अन्य पशुको लागि चारा बनाउनु समेत।
	२)	कुनै पशुलाई अन्य पशु वा मान्छेसँग लडाइँ गर्न उत्साहित गर्नु,

३)	पशु लडाईंको लागि वा पशुलाई फसाउने कुनै कार्य मा संलग्न हुनु वा राख्नु वा आयोजना गर्नु वा त्यस्तो स्थानको व्यवस्थापन गर्नु, वा सो कार्यको लागि कुनै स्थान माग्नु वा प्रदान गर्नु,

४)	कुनै प्रकारको गोलि चलाउने प्रतियोगिता जसमा सो प्रायोजनको लागि पशुहरु राखिएको खोरबाट गोलि हान्ने प्रयोजनकोलागि बाहिर निकालिन्छन, उक्त प्रतियोगितामा सहभागि हुनु वा प्रोत्साहन गर्नु,

५)	खेलकुदमा वा कार्यमा वा परिक्षणमा क्रुर व्यवहार गर्दै पशु प्रयोग भई गरिने कुनै खेलकुद वा कार्यको आयोजना गर्नु वा सहभागि हुनु वा प्रोत्साहन गर्नु वा अरु कुनै कारणबाट उक्त खेलमा सम्बद्ध रहनु,

६)	पीडा र कष्ट हुने कार्यविधि अपनाई कुनै अन्धविश्वासको लागि पशुको छाला खुइल्याउने वा पोल्ने वा छाला, तेल वा अन्य पशु उत्पादनकोलागि मार्ने वा कुनै अंग झिक्ने कार्य गर्नु,

७)	पशु निर्भर रहेको खोला वा नदीलाई बारुदीकरण गर्नु वा विद्युतीकरण गर्नु,

८)	कानुनी अधिकार विना पर्खाललाई विद्युतीकरण गर्नु ।

२)	सजाय : उपदफा १ विपरीत कार्य गरेमा देहाय बमोजिम सजाय हुनेछः

१)	उपदफा १(क) विपरीतको कार्य गर्ने व्यक्तिलाई दश हजार देखि पच्चीस हजार सम्म जरिवाना वा दुई वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ ।

२)	उपदफा १(ख) देखि उपदफा १ (त) सम्म को प्रावधान विपरीत कार्य गरेमा पचास हजार देखि एक लाख सम्म जरिवाना वा एक वर्ष देखि तीन वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ ।

## १६)	शल्यक्रिया कार्यविधिको वर्गिकरण

१)	महत्वपूर्ण शल्यक्रिया कार्यविधिलाई निषेधित, प्रतिबन्धित, नियन्त्रित भनी नियमावलिमा वर्गिकरण गरिनेछ ।

२)	निषेधित तथा प्रतिबन्धित शल्यक्रिया पशुचिकित्सकले मात्र गर्नेछन्, तर नियन्त्रित शल्यक्रियामा कम जोखिम हुने हुँदा दक्ष व्यक्ति ले पशुचिकित्सकको अनुमतिमा गर्न सक्नेछ ।

३) यस ऐनमा वा नियमावलीमा व्यवस्थ गरिएको व्यवस्था विपरीत यदि कसैले गैर कानुनी शल्यक्रिया गरेमा निजलाई पच्चिस हजार देखि पचास हजार जरिवाना वा छ महिना सम्म कैद वा दुवै सजाय हुनेछ ।

**१७) पशुको परिवहन**

१) पशु परिवहन गरिएको साधन वा जहाजको प्रबन्धकले पशु परिवहन गर्दा पशु कल्याणको व्यवस्था, आरामदायि तथा सुरक्षित बास, उचित तथा पर्याप्त आहारा तथा पानी सुनिश्चित गर्नु पर्ने छ ।
२) सवारी, जहाजको धनी वा प्रबन्धकले उचित कारण बिना विभागले निर्धारण गरेको मापदण्ड विपरीत पशु थुन्ने वा परिवहन गर्ने कार्य गरी पशुलाई अनुचित वा अनावश्यक पीडा वा संकट दिएमा कसूर गरेको मानिनेछ ।
३) पशु धनी वा पशु भोगमा रहेका व्यक्तिले अस्वस्थ पशुलाई उचित कारण बिना देहायको कार्य गरेमा वा गराएमा कसुर गरेको मानिनेछ ।
   अ) पशुलाई यातायातको लागि प्रयोग गरेमा,
   आ) पशुलाई यातायातको लागि चलाइएमा,
   इ) परिवहन, यातायात, वा प्रयोगको लागि स्वस्थ्य प्रतिकुल रहेको समयमा प्रयोग गरिएमा वा परिवहन गरिएमा
४) दफा १७ को विपरीत कार्य गरेमा रु. २५,००० देखि ५०,००० सम्म जरिवाना हुनेछ ।

**१८) पशु प्रजनन तथा आपूर्ति सम्बन्धी व्यवस्था**

समितिबाट अनुमतिपत्र साथ दर्ता गरिएका व्यक्ति वा संस्था बाहेक कसैले पनि प्रजनन तथा आपूर्तिको व्यापार गर्न पाउने छैन ।

**१९) पशु वध आधिकारीक वधशालामा मात्र गरिने**

सरकारबाट घोषित आधिकारीक पशु वधशाला बाहेक अन्य स्थानमा पशु वध गर्न पाइने छैन ।

**२०) सफारी पार्क**

सफारी पार्क को धनी वा भोग गर्ने व्यक्ति तथा कानुनी शिकार वा मनोरञ्जनको लागि जंगली जनावर पाल्ने व्यक्तिको पशु धनी वा पशु भोग गर्ने व्यक्तिको जस्तो दायित्व रहेको हुन्छ ।

**२१) आपूर्तिकर्ता को दायित्व**

क) आपूर्तिकर्ता को अनुमतिपत्र पाएको व्यक्तिले शल्यक्रिया गरिएको पशुलाई पशुचिकित्सकको अनुमतिको प्रमाणपत्र बिना अन्य कसैलाई आपूर्ति गर्न पाउने छैन ।

ख) सोह्र वर्ष मुनिको व्यक्तिबाट आपूर्तिकर्ता ले पशु किनबेच गर्ने छैन ।

ग) दफा २१ विपरीत कार्य गरेमा पन्ध्र हजार देखि पच्चिस हजार जरिवाना हुनेछ ।

## २२) गम्भिर रुपले घायल रहेको पशु बेच्न निषेध

क) गम्भिर रुपले घायल वा विरामी पशुलाई कसैले पनि किन्न, राख्न, बेच्न वा बेच्न राख्न पाउने छैन ।

ख) नियमावलीमा तोकिए बमोजिम विभिन्न प्रजातिको पशुलाई यस दफा विपरीत कार्य गरेमा पन्ध्र हजार देखि पच्चिस हजार सम्म जरिवाना गरिनेछ ।

## २३) निषेधित जाल वा स्पर spur को भोग गर्न निषेध

क) नियमावलीमा निषेधित गरिएको जाल र स्परको भोग कसैले गर्ने छैन ।

ख) निषेधित गैरकानुनी जाल र स्परको भोग गरेमा पन्ध्र हजार देखि पच्चिस हजार सम्म जरिवाना वा छ महिना सम्म कैद वा दुवै सजाय हुनेछ ।

## २४) पशुलाई फसाउन तथा हानिकारक पदार्थको प्रयोग गर्न निषेध

क) देहायका व्यक्ति बाहेक अन्य कोहीले थाह पाई हानिकारक वा विषालु पर्दाथ प्रयोग गरि पशुलाई पीडा पुऱ्याउने वा पशु मार्ने वा पशु शासन गर्ने वा खुवाउन पाइनेछैन :

अ) नियुक्त गरिएको पशु कल्याण निरिक्षक

आ) तोकिएको निकाय

ख) पशुलाई पीडा दिने वा मार्ने उद्देश्यले, कसैले पनि हानिकारक वा विषालु वस्तु प्रयोग गरी पशुलाई चारा दिन पाइने छैन ।

ग) यस दफा विपरीत कार्य गरेमा पन्ध्र हजार सम्म जरिवाना वा एक वर्ष सम्म कैद हुनेछ ।

## २५. पशुलाई भएको चोटको सुचना दिनु पर्ने

क) यदि कुनै सवारी साधनले सवारीले कुनै पशुलाई ठक्कर हानेमा उक्त पशुको पीडा क मगर्न उचित कदम चाल्नु पर्नेछ र व्यवहारीक रुपमा जति सक्दो छिटो आधिकारीक व्यक्ति वा पशु धनी वा पशु भोगमा लिएको व्यक्तिलाई पशु घाइते भएको जानकारी दिनुपर्नेछ ।

ख) उपदफा (क) बमोजिम जानकारी नदिएमा पाँच हजार सम्म जरिवाना तथा अन्य ऐन बमोजिम सजाय हुनेछ ।

## २६. खतरनाक तथा जंगली पशु सम्बन्धी व्यवस्था

निषेध गरिएको जाल वा स्परको प्रयोग बिना राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ वा प्राकृतिक संरक्षण कोष ऐन, २०३९ अनुसार खतरनाक तथा जंगली पशुलाई मार्न छुट रहेको छ ।

## २७. माछा मार्न जिवित चारा प्रयोग गर्ने सम्बन्धी व्यवस्था

क) माछा मार्न वा माछा मार्ने उद्देश्यले वा माछा नियन्त्रणमा लिन देहाय बमोजिमका जिवित चारा प्रयोग गर्न निषेध गरिएको छ :

अ) माछा,

आ) सेफालोपोडा ( Cephalopoda ) वा मालाकोस्ट्राका ( Malacostraca ) प्रजातिका हड्डी नभएका प्रजाती,

इ) माछा मार्ने कार्य वा माछा मार्ने उद्योगको कार्य का तत्व नियमावलीमा व्यवस्था गरिने छ ।

## २८. कुकुर जनसंख्यामा नियन्त्रणसम्बन्धी व्यवस्था

क) सामुदायिक वा आवारा कुकुर हत्या गर्न पाइने छैन ।

ख) सार्वजनिक स्वास्थ्यमा खतरा पुगेमा वा कुकुर रेविजबाट संक्रमित भएको शंका लागेमा उक्त कुकुरलाई नियन्त्रण गरी दश दिन सम्म पर्यवेक्षण गर्नु पर्ने छ ।

ग) रेबिजको संक्रमण फैलिन नदिन जनसंख्या नियन्त्रण को मानविय उपाय अपनाउनु पर्नेछ र धेरै कुकुरहरुलाई एकैपटक रेबिज विरुद्धको सुई दिनुपर्नेछ ।

## २९) धार्मिक निष्ठा अन्तर्गत गरिने वध सम्बन्धी व्यवस्था

१) धार्मिक निष्ठाको अवलोकनको लागि र बेचविखन नगरि मानव आहाराको लागि गरिने वधलाई यस ऐन अनुसार कसूर मानिने छैन ।

२) धार्मिक वध पूर्व पशु प्राप्त, परिवहन र उपचार यस ऐनको दफा १५ मा भएको प्रावधान अनुसार गरिनुपर्छ ।

३) धार्मिक वध गर्दा कुनै पनि पशुलाई छिटो नमर्ने तरिकाले वा अनुचित पीडा सहेर मार्न बाध्य गरिने छैन ।

## ३०) पीडा कम गर्ने अधिकार

१) पशुचिकित्सकको अनुसार गंभीर रुपमा घाइते वा रोगी पशुलाई जिउँदो राख्नु क्रुरता हुन्छ भन्ने लागेमा उक्त पशुलाई छिटो मृत्यु हुने वा अनावश्यक पीडा बेगर मृत्यु हुने उपाय अपनाई मार्न वा मार्न लगाउन सक्नेछ ।

२) यस ऐनको प्रयोजनको लागि पोष्ट मार्टम गर्नु उपयुक्त देखेमा पशुचिकित्सकले उक्त मृत पशुको पोष्ट मार्टम गर्न सक्नेछ ।

३)	यस दफा बमोजिम कार्य गर्ने पशुचिकित्सकले पशु धनि वा पशु भोग गर्ने व्यक्तिबाट उचित शुल्क लिन पाउनेछ ।

४)	पशु चिकित्सकले पशु मार्ने कार्य गर्दा उक्त कार्य गर्दा वरिपरि कुनै पनि पशु राखी गर्ने छैन ।

# परिच्छेद ४
# पशु कल्याण सम्बन्धी संहिता

## ३१. पशु रेखदेख तथा आचरण सम्बन्धी न्यूनतम मापदण्ड

१)	उत्तम अभ्यासको स्थापना गर्ने र पशु रेख देखको सर्वोच्च मापदण्ड सुनिश्चित गर्ने र पशु कल्याण तथा आचार समितिको सुझावमा कृषि तथा सहकारी मन्त्रालयले पशु कल्याण सम्बन्धी संहिता अवलम्बन गर्ने वा अवलम्बन गरिएको संहिता परिमार्जन तथा संशोधन गरी राजपत्रमा प्रकाशित गरि सुचित गर्ने ।

२)	रेख देखको न्यूनतम स्वीकारीय मापदण्ड निर्धारण गरी रुपरेखा निर्धारण गर्ने, कल्याण सम्बन्धी संहिता तथा न्यूनतम मापदण्डको सुझाव जारी गर्ने र वर्तमान मापदण्ड तथा अभ्यास प्रतिबिम्बित हुने गरी व्यवस्थित पुनरावलोकन गर्ने,

३)	पशु धनीले पशु रेख देख र संचालनको लागि न्यूनतम मापदण्ड तयार गर्ने, संहिता मार्फत कुनै संस्था, परिवहन, वध र अन्य मनोरञ्जन तथा वैज्ञानीक प्रयोग कोलागि पशु कल्याण संहिता मार्फत न्यूनतम मापदण्ड तथा सर्वोत्तम अभ्यास अनुसरण गर्ने,

४)	सर्वोच्च अभ्यासको सुझाव कानुनी रुपमा बन्धनकारी हुनेछैन । तर, न्यूनतम मापदण्ड विपरीतको कार्य गरेमा यस ऐन अन्तर्गत अभियोजन गर्न रोक लागेको मानिने छैन । त्यसैगरी, न्यूनतम मापदण्ड अवलम्बन गरिएको प्रमाण अभियोजनको बचाउको निम्ति प्रयोग गर्न सकिनेछ ।

## २१. संहिताको तयारी

१)	पशु कल्याण सम्बन्धी आचारको मस्यौदा विभाग, स्वीकृत संस्था वा नागरिक समाज वा राष्ट्रिय पशु कल्याण तथा आचार समिति बाहेक अन्य व्यक्ति ले गर्न सक्नेछ । मस्यौदालाई राष्ट्रिय पशु कल्याण तथा आचार समितिले अनुमोदन गरी एक वा बढी राष्ट्रिय दैनिकमा प्रकाशित गरि वा अन्य तरिकाले सार्वजनिक गर्नु पर्नेछ ।

२)	मस्यौदा बारे आफ्नो धारणा प्रस्तुत गर्ने कुनै व्यक्ति वा निकायलाई राष्ट्रिय समितिले परामर्श गर्न सक्नेछ ।

३)	नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयले राष्ट्रिय पशु कल्याण समितिको सुझाव विचार गरी राजपत्रमा प्रकाशित गरि उक्त संहिता जारी गर्न सक्नेछ ।

४)	राष्ट्रिय पशु कल्याण तथा आचार समितिले समय समयमा, पाँच वर्षको अन्तर नबढाई जारी भएको संहिता पुनरावलोकन गर्न सक्नेछ ।

५)	रष्ट्रिय पशु कल्याण समितिको सुल्लाहमा नेपाल सरकारले समय समयमा राजपत्रमा प्रकाशित गरि कल्याण संहिताको प्रवधान संशोधन वा रद्द गर्न सक्नेछ ।

# परिच्छेद ५
# वैज्ञानीक प्रयोजनमा पशुको प्रयोग सम्बन्धी प्रयोजन

## ३३. वैज्ञानीक प्रयोजन

पशुको देहाय बमोजिम प्रयोग भएमा पशुको वैज्ञानीक प्रयोग भएको मानिनेछ :

क)	वैज्ञानीक शास्त्रमा कुनै ज्ञान प्राप्ति गर्न वा परिक्षण गर्न वा ज्ञान विकास गर्न वा तरिका विकास गर्न कुनै कार्य गरिएमा, वा उदाहरणको लागि

    १)	रोग निदान
    २)	वातावरणीय अध्ययन
    ३)	भूमी परिक्षण
    ४)	जैविक उत्पादन निर्माण गर्न
    ५)	उत्पादन परिक्षण गर्न
    ६)	अनुसन्धान गर्न
    ७)	शिक्षण कार्यमा

ख)	उपदफा (क) अनुसारको कार्यको सम्बन्धमा,

    १)	उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि चरा बाँध्ने कार्य वा माछा अंकित गर्ने कार्य वैज्ञानीक कार्य मानिने छैन ।
    २)	उपदफा (क) बमोजिम पशुलाई मारी बाँकी रहेको अवशेसको प्रयोगलाई समेत वैज्ञानीक प्रयोग मानिनेछ ।

<u>दर्ता गर्नु पर्ने आवश्यकता</u>

पशुमाथि हुने परिक्षण को अनुगमन वा पर्यवेक्षण गर्न कुनै पनि व्यक्तिले समितिको स्वीकृति बिना अनुसन्धान, परिक्षण वा शैक्षिक कार्यमा पशुलाई संलग्न गर्ने गराउने छैन ।

## ३४. पशुमा हुने परीक्षणको नियन्त्रण तथा सुपरिवेक्षण गर्ने समिति

१) पशुमा हुने परीक्षणको नियन्त्रण तथा सुपरिवेक्षण गर्ने उद्देश्यले नेपाल सरकारले राजपत्रमा प्रकाशित गरि केन्द्रिय स्तरमा एक समिति स्थापना गर्नेछ । उक्त समितिमा नियुक्त गर्न उत्तम ठहरिएका देहाय बमोजिमका पदाधिकारी रहनेछन् ।

क) राष्ट्रिय पशु कल्याण तथा आचार समितिको एक प्रतिनिधि
ख) नेपाल पशु चिकित्सक परिषद्बाट एक प्रतिनिधि
ग) पशु कल्याण संस्थाहरुबाट तीन सदस्य
घ) पशुचिकित्सकशास्त्र रहेको विश्वविद्यालयबाट एक प्रतिनिधि
ङ) नेपाल चिकित्सकशास्त्र अनुसन्धान परिषद्बाट एक प्रतिनिधि
च) नेपाल पशु विज्ञान संघबाट एक प्रतिनिधि

२) समितिमा रहेका सदस्यहरुमध्येबाट नेपाल सरकारले एक सभापति नियुक्त गर्नेछ ।

३) दायित्व निर्वाह गर्ने सन्दर्भमा समितिले आफ्नो कार्यविधि निर्धारण गर्ने अधिकार रहेको छ ।

४) समय समयमा सरकारले दिएको अनुदान, अन्य योगदान, दान, चन्दा, उपहार अथवा अन्य कुनै अर्थिक आमदानीको समितिको कोष रहनेछ ।

## ३५. उप समितिहरु

१) कुनै कार्य गर्न वा केही अधिकार प्रयोग गर्न कुनै उप समितिको आवश्यकता रहेको खण्डमा समितिले विभिन्न उपसमिति स्थापना गर्न सक्नेछ । उप समितिको कार्य विवरण तोकिए बमोजिम हुनेछ । स्थापित उप समितिहरुले समितिलाई प्रतिवेदन बुझाउनुपर्नेछ र समिति मातहतमा कार्य गनुपर्नेछ ।
२) समितिलाई विषेश विषयमा सहयोग गर्न वा सुझाव दिन उप समितिमा मूल समितिमा रहेका सदस्यहरु र अन्य कर्मचारी रहनेछन् ।

## ३६. समितिका कर्मचारीहरु

समितिको कार्य सम्पादन गर्न चाहिएको स्थितीमा समितिले विभिन्न कर्मचारी र अधिकृतहरुको नियुक्ति गर्नेछ । कर्मचारीको नियुक्ति प्रकृया, तलब, भत्ता तथा अन्य सेवा शर्तहरु तोकिए बमोजिम हुनेछ ।

## ३७. समितिका कार्यहरु तथा पशु परिक्षण सम्बन्धी नियम बनाउने अधिकार

१) परीक्षण अघि वा परीक्षण अवधिमा वा परीक्षण पछि पशुलाई अनावश्यक पीडा, संकट वा कष्ट नहुन सुनिश्चित गर्ने दायित्व समितिको हुनेछ ; त्यसैगरी परीक्षणले मानवीय क्षमता वृद्धिमात्र हुने कुरा सुनिश्चित गर्ने र प्रमाण थाह भइसकेको परीक्षण गर्न, पशु बाहेक अन्य विकल्प रहेको, वा दोहोऱ्याई पशुमाथि गरिएको परिक्षण जस्ता परीक्षण नियन्त्रण गर्ने तथा विभिन्न दर्ता गरिएका संस्थाहरुले गरेको परिक्षण दर्ता गरि अभिलेख तयार गर्ने तथा आवश्यक परेको खण्डमा राजपत्रमा प्रकाशित गरि आवश्यक नियम जारी गर्ने दायित्व ।

२) बिशेषगरी, पूर्वाग्रह बिना पछि आउने अधिकार ध्यानमा राखि देहायको कुराहरुमा नियम जारी गर्न सक्नेछ ।

क) पशुमाथि हुने परीक्षण गर्ने संस्थाहरुको दर्ता गर्ने,

ख) पशुमाथि हुने परीक्षण गर्ने संस्थाहरुले प्रस्तुत गरेको प्रतिवेदन राष्ट्रिय समिति समक्ष पेश गर्ने ।

३) विशेषगरी, पूर्वाग्रह बिना पछि आउने अधिकार ध्यानमा राखि, समितिले बनाएको नियमावलि देहायको उद्देश्य प्राप्तिकोलागि बनाइनेछ :

क) परिक्षण गर्ने कुनै संस्थाले परिक्षण गर्दा उक्त परिक्षणको सन्दर्भमा उक्त संस्थाको प्रबन्धक जवाफदेही हुनेछ ; यदि निजकोलागि अन्य कसैले संस्थाबाट बाहिर परीक्षणको कार्य गरेमा, उक्त परिक्षणको सन्दर्भमा दुवैको संयुक्त जफावदेहीता हुनेछ र दुवै पक्षले परीक्षण दक्ष व्यक्तिले समितिले निर्धारण गरेको शर्तमा गरिएको सुनिश्चित गर्नुपर्ने हुन्छ ।

ख) शल्यक्रिया सहितको परिक्षण गर्दा पशुलाई पीडा हुन नदिन चेतना शून्य गराउने / बेहोस पार्ने औषधी प्रयोग गरि उचित सावधानी तथा मानविय भई गर्नु पर्नेछ ;

ग) बेहोस पारी शल्यक्रिया गर्दा गम्भीर घायल भएका पशुको स्वास्थ्य लाभ हुँदा सम्म गम्भीर पीडा हुने भए तोकिएको प्रक्रिया अनुसार उक्त पशुहरुको अचेत अवस्थामा नै मृत गराउनु पर्नेछ ।

घ) अस्पताल, शैक्षिक संस्था, चिकित्सकशास्त्र अध्ययन संस्था, फार्मेसि अध्ययन संस्था, जीव विज्ञान अध्ययन संस्था, वा अन्य शैक्षिक संस्थामा परिक्षण तथा चिर फार गर्न पाइनेछैन ।

ङ)	एउटै परिणाम आउने कुनै परिक्षणको सन्दर्भमा कुनै प्रजातिमा परीक्षण गर्दा भन्दा अन्य प्रजातीमा उक्त परिक्षण गर्दा पशुमा कम प्रभाव हुने स्थितिमा बढी प्रभावित हुने पशुमा परीक्षण गर्न पाइने छैन ।

च)	मानवीय दक्षता प्राप्त गर्न बाहेक अन्य कार्यकोलागि पशुमाथि परिक्षण गर्न पाइनेछैन ।

छ)	परिक्षणमा प्रयोग गरिएका पशु वा परिक्षण गरिने पशुलाई उचित देखभाल तथा परिक्षण पछि उचित देखभाल र पुर्नस्थापनाको लागि उचित पुर्नस्थापना केन्द्रमा राख्नु पर्नेछ ।

ज)	परिक्षण गरिएका पशुहरुको बारे उचित अभिलेख राख्नुपर्नेछ ।

४)	यस दफा बमोजिम समितिले नेपाल सरकारको निर्देशन बमोजिम नियम बनाउनु पर्नेछ।

५)	यस दफा बमोजिम समितिले जारी गरेको नियम, नियमावली तथा शर्त/आवश्यकता

अ)	संस्था बाहिर परिक्षण गर्ने सम्पूर्ण व्यक्तिलाई बन्धनकारी हुनेछ र

आ)	परिक्षणको जिम्मेवारी सम्हाल्ने व्यक्तिलाइ पनि बन्धनकारी हुनेछ ।

## ३८.	प्रवेश तथा निरिक्षण गर्ने अधिकार

नियम तथा नियमावली अवलम्बन भएको, शर्त तथा आवश्यकता कार्यान्वयन भएको सुनिश्चित गर्ने उद्देश्यले समितिले कुनै अधिकारी वा अन्य व्यक्तिलाई लिखित रुपमा कुनै संस्था वा परीक्षणस्थल प्रवेश गर्न तथा निरिक्षण गर्न अधिकार दिनसक्नेछ र त्यस्तो निरिक्षणको प्रतिवेदन उक्त आधिकारीक व्यक्तिले समितिलाई बुझाउनुपर्नेछ । आधिकारीक व्यक्तिले देहायको अधिकार प्रयोग गर्न सक्नेछ :

क)	निजलाई उचित लागेको जुनसुकै समयमा परिसर प्रवेश गरि पशु परिक्षण गरिएको कुनै संस्था वा क्षेत्रको निरिक्षण गर्ने, र

ख)	निजलाई उचित लागेको खण्डमा कुनै पनि व्यक्तिबाट पशुमाथि भएको परिक्षणको सम्बन्धित राखिएको अभिलेख मागि निरिक्षण गर्न सक्नेछ ।

ग)	यस ऐनको प्रावधान अनुसार कार्य नभएको वा पशुमाथि क्रुर व्यवहार गरिएको देखिएमा आधिकारीक व्यक्तिले उक्त स्थानमा रहेको पशु तथा यन्त्रहरु जफत गर्न सक्नेछ । जफत गरिएको यन्त्र तथा पशुलाई मान्यताप्राप्त पशु कल्याण संस्थाको जिम्मामा राखिनेछ ।

## ३९.	पशु परिक्षण निषेध गर्न सक्ने अधिकार

दफा ३८ बमोजिम आधिकारीक व्यक्तिबाट भएको निरीक्षणको प्रतिवेदन अनुसार उक्त संस्थाले दफा ३७ बमोजिमको नियम पालना नगरेको देखिएमा वा दफा ३७ को प्रावधान विपरीत पशुमाथि परिक्षण गरिएकोमा उक्त संस्थालाई उचित सुनुवाईको मौका प्रदान गरी त्यस उपरान्त अर्को आदेश जारी नहुन्जेल उक्त संस्थाले पशुमाथि कुनै पनि प्रकारको वा कुनै निश्चित परिक्षण गर्ने कार्य नगर्नु भनी आदेश जारी गर्न सक्नेछ ।

## ४०. सजाय

देहायको दफा विपरीत कार्य गरेमा यस ऐन बमोजिम देहायको प्रावधानमा लेखिए अनुसार सजाय हुनेछ

क) कसैले दफा ३३ विपरीत कार्य गरेमा वा दफा ३९ अनुसार समितिको आदेश विपरीत कार्य गरेमा वा दफा ३३ र दफा ३९ बमोजिम समितिबाट जारी भएको विभिन्न आदेश तथा शर्तहरुको पालना नगरेमा निजलाई पच्चिस हजार देखि पचास हजार सम्म जरिवाना वा एक वर्ष देखि ३ वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ ।

ख) उपदफा (ख) अनुसार सजाय हुने कार्य दोस्रो पटक वा बढी सोही कसूर गर्ने व्यक्तिलाई पचहत्तर हजार देखि एक लाख जरिवाना वा दुई वर्ष देखि पाँच वर्ष सम्म कैद सजाय हुनेछ ।

ग) उपदफा (ख) अनुसार सजाय हुने कार्य कुनै संस्थागत रुपमा भएको भएमा उक्त सस्थाको उत्तरदायी व्यक्ति पनि संयुक्त रुपमा दोषी हुनेछ ।
यस ऐन अनुसार बनेको नियमावली अनुसार पछि कुनै बेला सजाय बढाउन आवश्यक भएमा सरकारले राजपत्रमा प्रकाशित गरि सजाय बढाउन सक्नेछ र

## ४१. राजिस्र्टर्ड व्यक्तिको सुचना दिनु पर्ने दायित्व

(१) हरेक रजिस्र्टर्ड व्यक्तिले आफ्नो एक वर्ष भित्रको कार्यहरुको विवरण सहित को लिखित प्रतिवेदन नेपाल सरकारको आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र समिति समक्ष बुझाउनुपर्नेछ ।

२) उपदफा १ अनुसारको वार्षिक प्रतिवेदनमा देहायको सुचना उल्लेख गरिनुपर्नेछ ।
   क) वैज्ञानीक प्रयोगको लागि संस्थाले प्रयोग गरेको वा प्रयोग गर्न दिएको पशु (प्रजाती तथा संख्या) को विस्तृत जानकारी र
   ख) पशुको वैज्ञानीक प्रयोगका सम्बन्धमा उजुरी, अनुसन्धान र सिकायतको जानकारी र

ग)	नियमावलीमा व्यवस्था भए बमोजिम वैज्ञानीक प्रयोग बारे अन्य जानकारी ।

३)	यस दफा बमोजिम प्रतिवेदन नबुझाएमा पच्चिस हजार सम्म जरिवाना हुनेछ ।

# परिच्छेद ६
# पशु प्रर्दशन सम्बन्धी व्यवस्था

**४२.	प्रदर्शन तथा प्रशिक्षणको परिभाषा**

यस परिच्छेदको लागि ‘‘प्रदर्शन’’ भन्नाले मनोरञ्जनकोलागि प्रदर्शन वा देखउने कार्य सम्झनुपर्नेछ र ‘‘प्रशिक्षण’’ भन्नाले प्रदर्शन गर्ने उद्देश्यले गरिएको प्रशिक्षण सम्झनुपर्नेछ, ‘‘प्रशिक्षणकर्ता’’ भन्नाले प्रशिक्षण गर्ने व्यक्ति सम्झनुपर्नेछ र प्रदर्शनकर्ता भन्नाले प्रदर्शन गर्ने व्यक्ति सम्झनुपर्नेछ ।

**४३.	पशु प्रदर्शन तथा प्रशिक्षणमा नियन्त्रण**

कुनै पनि व्यक्तिले

क)	यस ऐन अनुसार दर्ता नगरि कुनै पनि पशु प्रदर्शन तथा प्ररिक्षण गर्न पाउने छैन ।

ख)	नेपाल सरकारले राजपत्रमा प्रकाशित गरि विशेष पशु प्रदर्शन तथा प्रशिक्षणमा रोक लगाएमा उक्त रोक लगाइएको पशु प्रदर्शन तथा प्रशिक्षण गर्न पाउने छैन ।

**४४.	दर्ताको कार्यविधि**

१)	कुनै पनि पशु प्रदर्शन तथा प्रशिक्षण गर्न इच्छुक व्यक्ति वा संस्थाले राष्ट्रिय पशु कल्याण तथा आचार समितिमा तोकिएको ढाँचामा तोकिएको दस्तुर तिरी निवेदन दिन सक्नेछ र उक्त प्रदर्शन तथा प्रशिक्षणको कार्यले पशुलाई संकट तथा पीडा नहुने ठहर गरेमा पशु कल्याण तथा आचार समितिले दर्ता गर्नेछ ।

२)	उपदफा १ अनुसार पेश गर्नु पर्ने निवेदनमा प्रदर्शन तथा परिक्षण कुन पशु माथि कस्तो प्रकारको गरिन लागिएको हो भन्ने प्रष्ट उल्लेख गर्नुपर्नेछ ।

३)	पशु कल्याण समितिले दर्ता गरेपछि उक्त व्यक्ति वा संस्थालाई तोकिएको ढाँचामा विस्तृत जानकारी सहित दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

४)	यस परिच्छेद अनुसार राखिने हरेक दर्ता किताबलाई जो कोहीले तोकिएको दस्तुर तिरी हेर्न मिल्ने गरि राख्नुपर्नेछ र तोकिएको दस्तुर लिई प्रतिलिपि समेत लिन पाउने व्यवस्था मिलाउनुपर्नेछ ।

५) दर्ता प्रमाणपत्रमा उल्लेख भएको कुरा सम्बन्धित व्यक्तिको निवेदनमा वा अदालतको आदेशमा वा अन्य कारणबस परिवर्तन गर्नु पर्ने भएमा परिवर्तन गर्न समितिमा निवेदन दिनुपर्नेछ र समितिले उक्त परिवर्तन गरि नयाँ प्रमाणपत्र जारी गर्नेछ ।

## ४५. परिसर प्रवेश गर्ने अधिकार

१) दफा ४४ बमोजिमको समितिले प्रहरी नायब निरीक्षक दर्जा भन्दा माथिको कुनै प्रहरीलाई निरीक्षक नियुक्त गर्न सक्नेछ र नीज निरीक्षकले

क) उचित समयमा कुनै क्षेत्रभित्र प्रवेश गरी पशुको प्रशिक्षण, प्रदर्शनको कार्य वा प्रशिक्षण, प्रदर्शन गर्न लागिएको स्थितीको निरीक्षण गर्न सक्नेछ र

ख) प्रशिक्षण वा प्रदर्शनमा संलग्न कुनै पनि व्यक्ति वा संस्थासँग निजको दर्ता प्रमाणपत्र माग गरी निरीक्षण गर्न सक्नेछ ।

## ४६. कसूर

१) देहाय स्थितीमा यस दफा बमोजिम कसूर मानिनेछ :

क) यस परिच्छेद अनुसार दर्ता नगरी पशुलाई प्रशिक्षण वा प्रदर्शन गरेमा, वा

ख) यस ऐन बमोजिम एक प्रकारको प्रशिक्षण वा प्रदर्शन गर्न दर्ता गरिएकोमा अन्य प्रकारको प्रशिक्षण वा प्रदर्शन गरेमा, वा आधिकारीक समितिले दिएको शर्त तथा आदेशको विपरीत कार्य गरेमा वा झुठा व्यहोरा प्रदान गरी दर्ता गराएमा, वा

ग) दफा ४३ (ख) बमोजिम सरकारले जारी गरेको सुचना तथा रोक विपरीत प्रदर्शन वा प्रशिक्षण गरेमा, वा,

घ) दफा ४५ बमोजिम निरीक्षण ले अनुसन्धान गर्ने अधिकार प्रयोग गर्न नदिने वा जानी जानी अनावश्यक ढिलाई गरेमा, वा

ङ) निरीक्षणको सम्बन्धमा कुनै पशु लुकाई छिपाई गरेमा, वा

च) यस ऐन बमोजिम दर्ता भएका संस्था वा व्यक्तिले यस ऐन बमोजिम दर्ता किताब देखाउनुपर्ने दायित्व भएकोमा उक्त दर्ता किताब देखाउन कुनै कारण बिना इन्कार गरेमा, वा

छ) पशु प्रशिक्षण तथा प्रदर्शनको समयमा हेलचेक्र्याई गरेर पशुलाई अनावश्यक हानी, संकट, पीडा पुऱ्याएमा, वा,

ज) तोकिएको अधिकारीको अनुमति बिना कुनै पनि पशुलाई श्रव्य दृश्यमा प्रदर्शन गर्ने निर्माता, वा,

झ) तोकिएको अधिकारीको अनुमति बिना कुनै पनि पशुलाई प्रशारण गर्ने प्रशारण संस्था ।

२)	उपदफा (१) बमोजिम कसूर गरेमा दश हजार देखि पचास हजारसम्म जरिवाना वा एक वर्ष देखि तीन वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ, एक पटक भन्दा बढी सोही कसूर गरेमा कसूर गर्नेलाई पचहत्तर हजार देखि एक लाखसम्म जरिवाना वा दुई देखि पाँच वर्ष सम्म कैद हुनेछ ।

तर, यदि भविष्यमा नेपाल सरकारलाई उपयुक्त ठानेको अवस्थामा सरकारले राजपत्रमा सुचना प्रकाशित गरि उपदफा (२) अनुसारको सजाय संशोधन गर्न सक्नेछ ।

## ४७. छुट सम्बन्धी व्यवस्था

यस परिच्छेदमा लेखिएको कुरा देहायको अवस्थामा लागू हुने छैन,

क)	सही आसयको सैनीक वा प्रहरीले पशुमा हुने प्रदर्शन वा प्रशिक्षण गरी पशुलाई प्रशिक्षण गर्न कुनै बाधा रहेको छैन,

ख)	वन्यजन्तु विभागले स्वीकार गरेको प्राणि उद्यानमा पशु राख्न बाधा रहेको छैन ।

# परिच्छेद ७
# प्रशासन सम्बन्धी व्यवस्था

## ४८. स्वीकृत संस्था

कुनै संस्थाको निवेदन परेमा उक्त निवेदनमा यस परिच्छेद बमोजिम नेपाल सरकारले समय समयमा राजपत्रमा सुचना प्रकाशित गरी निवेदक संस्थालाई यस ऐनको प्रयोजनको लागि स्वीकृत संस्था घोषणा गर्न सक्नेछ ।

## ४९. स्वीकृतीको मापदण्ड

१) नेपाल सरकारले स्वीकृत संस्था घोषणा गर्न उक्त संस्थाले नेपाल सरकारलाई देहायको शर्त पुरा भएको प्रमाण पेश गर्नुपर्नेछ र उक्त प्रमाणको आधारमा सरकारले स्वीकृत संस्था घोषित गर्न सक्नेछ

क) उक्त संस्थाको प्रमुख उद्देश्य पशु कल्याण हुनुपर्नेछ,
ख) उक्त संस्थाको उत्तरदायीत्व सम्बन्धी प्रावधान, आर्थिक प्रावधान, तथा व्यवस्थापन सम्बन्धी व्यवस्था जनताको हितलाई ध्यानमा राख्ने प्रकारको रहेको हुनुपर्ने तथा उक्त संस्था स्वीकृत संस्था घोषित हुन योग्य रहेको हुनुपर्नेछ,
ग) स्वीकृत संस्था भएपछि उक्त संस्थाको आफ्नो उद्देश्य तथा स्वीकृत संस्थाको कार्यबीच द्वन्द्व हुने स्थिती आउन हुँदैन,
घ) संस्था र संस्थाको निरीक्षक र अन्य सहायक कर्मचारी बीच भएको करार वा व्यवस्था सार्वजनिक हितको पक्षमा वा स्वीकृत संस्था घोषित हुन उपयुक्त भएमा,
ङ) स्वीकृत संस्थाले नेपाल सरकारको आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र तोकिएको सदस्यता शुल्क र वार्षिक प्रगति विवरण पेश गरी संस्थाको वार्षिक नविकरण गर्न सक्नेछ ।

## ५०. निरीक्षकको नियुक्ति

१) विभागको महा निर्देशकले कुनै व्यक्ति वा सरकारी जागिरे वा अञ्चल/प्रादेशिक पशु कल्याण समिति वा स्वीकृत संस्थाबाट मनोनित व्यक्ति मध्येबाट यस ऐनको प्रयोजनको लागि निरिक्षकको नियुक्ति गर्दा राष्ट्रिय पशु कल्याण तथा आचार समितिबाट स्वीकृती लिनुपर्नेछ । निरीक्षकको विशेष काम कारवाही निजलाई दिइने नियुक्ति पत्रमा उल्लेख भए बमोजिम हुनेछ तथा साधारण काम

कारवाही यस ऐन बमोजिम विशेष जिल्लाको लागि वा देश भरी लागू हुने गरी हुनेछ ।

२) राष्ट्रिय पशु कल्याण तथा आचार समितिलाइ उपदफा १ बमोजिम हुने व्यक्तिसँग तोकिएको कार्य गर्न अनुभव भएको, प्राविधिक ज्ञान रहेको र अन्य योग्यता रहेको भन्ने विषयमा सन्तुष्ट भएमा उपदफा १ बमोजिम महानिर्देशकले नियुक्ति गर्न सक्नेछ ।

३) नेपाल प्रहरीको राजपत्रांकित अधिकृत निजको दर्जा र पद धारणबाटै यस ऐनको साधारण प्रयोजनकोलागि नेपालभरी नियुक्त हुनेछ ।

४) उपदफा १ बमोजिम नियुक्त भएको निरीक्षकको,
  क) कार्यकाल पाँच वर्षको हुनेछ र नेपाल सरकारलाई जरुरी लागेको अवस्थामा पुनः नियुक्ति गर्न सक्नेछ ।
  ख) दायित्व निर्वाह गर्न क्षमता नभएमा, दायित्व निर्वाह गर्न हेलचेक्राइ गरेमा वा दुराचारमा संलग्न भएमा नेपाल सरकारले निरीक्षकलाई पदमुक्त गर्न सक्नेछ ।
  ग) इच्छा अनुसार नेपाल सरकार समक्ष लिखित राजिनामा दिन सक्नेछ र
  घ) पद बहाली गर्दाको दस्तावेज पदमुक्त हुँदा नेपाल सरकारलाई बुझाउनुपर्नेछ ।

५) समय समयमा निरिक्षकको कार्यको लागि महा निर्देशकले कार्य प्रदर्शन मापदण्ड र प्राविधिक मापदण्ड निर्धारण गर्न सक्नेछ ।

## ५१. सहायक अधिकारीहरुको नियुक्ति

१) यस ऐनको प्रयोजनकोलागि महा निर्देशकले, स्वीकृत संस्था र जिल्ला पशु कल्याण समितिको सुझावमा कुनै व्यक्तिलाई सहायक अधिकारी नियुक्त गर्न सक्नेछ ।

२) उपदफा १ बमोजिम सहायक अधिकारी नियुक्त भएपछि कार्यकाल अवधिभर निज अधिकारीले कुनै पनि प्रकारको सार्वजनिक पद धारण गर्न पाउनेछैन ।

३) उपदफा १ बमोजिम नियुक्त गरिएको सहायक अधिकारी को नियुक्त महा निर्देशकले जुन सुकै समयमा रद्द गर्न सक्नेछ ।

## ५२. निरीक्षक तथा सहायक अधिकारीहरुले महनिर्देशकको निर्देशन अनुसार कार्य गर्नु पर्ने

१) सबै निरीक्षक तथा सहायक अधिकारीले ऐनमा तोकिएको आफ्नो अधिकार, कर्तव्य तथा कार्यहरु महा निर्देशकको निर्देशनमा गर्नेछन् ।

२) स्वीकृत संस्थाको कर्मचारी वा सदस्य निरिक्षक वा सहायक अधिकारीको रुपमा कार्य गर्दा निजको कार्य, दायित्व तथा अधिकार यस ऐन बमोजिम निरीक्षक, सहायक अधिकारीको कार्यसँग द्वन्द्व भएमा यस ऐन अनुसारको दायित्व तथा अधिकार मान्य हुनेछ ।

## ५३. सम्बन्धीत भूमी, परिसर, स्थान, सवारी साधन, विमान, पानी जहाज निरीक्षण गर्ने अधिकार

१) यस ऐन बमोजिम निरीक्षकले पशु प्रयोग भएको कुनै पनि क्षेत्र वा भूमि वा परिसर वा स्थान वा कुनै साधान, विमान, वा पानी जहाजको बिना वारेन्ट उपुक्त समयमा निरिक्षण गर्न सक्नेछ ।

२) प्रहरी प्रशासनको सदस्यले यस ऐनको अधिकार प्रयोग गर्ने सन्दर्भमा कुनै पशु संकट तथा कष्टमा परेको भन्ने उचित कारण रहेको स्थितीमा कुनै पनि सवारी साधन रोक्न सक्नेछ ।

३) पशु माथि भएको वा हुने पीडा कम गर्न वा नियन्त्रण गर्न जरुरी रहेको अवस्थामा निरीक्षकले सबै कदम चाल्न सक्नेछ ।

४) पशु धनी वा पशु धारण गरेको व्यक्तिको जिम्मामा रहेको पशुको पीडा कम गर्नु भनी निरीक्षकले जरुरी ठानेको अवस्थामा सुचना दिई उचित आदेश दिन सक्नेछ र उक्त निरीक्षकको आदेश मान्नु पशु धनी वा भोग गर्ने व्यक्तिको दायित्व हुनेछ ।

५) उचित कारण बिना उपदफा ४ बमोजिमको निरीक्षकको आदेश नमान्ने वा उचित कारण बिना उक्त कारण मान्न असफल रहेमा उक्त अपेक्षालाई कसूर मानिने छ ।

६) उपदफा ४ बमोजिम आदेश अपेक्षा गर्ने व्यक्तिलाई कसुर गर्ने व्यक्ति भएमा पन्ध्र हजार सम्म जरिवाना हुनेछ वा संस्थाको हकमा तीस हजार सम्म जरिवाना हुनेछ ।

## ५४. गम्भीर विरामी वा घायल पशु सम्बन्धी व्यवस्था

१)	यदि निरीक्षक, सहायक अधिकारी वा पशुचिकित्सकले गम्भीर रुपमा घायल वा बिरामी पशु कुनै ठाउँमा फेला पारेमा र निजको धारणा मा उचित उपचार ले उक्त पशु बाँच्न नसक्ने तथा उक्त पशुले अनुचित वा अनावश्यक पीडा भोग्ने देखि पशुलाई मार्नु उपयुक्त देखेमा, जति सक्दो छिटो :

क)	उचित समयमा पशु धनी फेला परेमा उक्त पशुको धनि सँग परामर्श गर्नु पर्ने छ

ख)	पशु मार्ने सम्बन्धमा यदि पशु धनिले दोस्रो पशुचिकित्सकबाट धारणा माग्न चाहेमा, निज पशु धनिलाई दोस्रो धारणा माग्न दिनुपर्नेछ ।

२)	यदि उचित समयभित्र गम्भिर घायल पशुको धनी उपलब्ध नभएमा वा पशु धनी पशुलाई मार्ने धारणासँग सहमत नभएमा र दोस्रो पशुचिकित्सकको धारणा पाउन उचित समय नभएमा अनुचित बिलम्ब नगरी निरीक्षक वा सहायक अधिकारीले उक्त पशु मार्न वा मार्न लगाउन सक्नेछन् ।

३)	यस दफा बमोजिम पशु मारेमा उक्त पशुको शव उपयुक्त तरिकाले व्यवस्थित गर्नुपर्नेछ ।

४)	गम्भिर रुपमा घायल भएका पशुलाई पशु धनिले पशुको शव खानाको रुपमा खाने आशय रहेमा उक्त रोगी पशुलाई पशु धनीको जिम्मा लगाइनेछैन ।

५)	यस दफा विपरीतको कार्य गर्नेलाई पच्चिस हजार सम्म जरिवाना वा छ महिना सम्म कैद हुनेछ ।

## ५५. स्वीकृत संस्थाको दायित्व

१)	पशु धनी बाहेक अन्य व्यक्तिले पशुको निगरानी गर्ने अधिकार स्वीकृत संस्थालाई दिई स्वीकृत संस्थाले उक्त निगरानी स्वीकार गरेकमा वा कुनै स्वीकृत संस्थाले कुनै तरिकाले पशुको निगरानी लिएमा, उक्त स्वीकृत संस्थाले,

क)	उचित कदम लिई पशु धनिको पहिचान गनुपर्नेछ,

ख)	पशुलाई पीडा कम गर्न वा पीडा रोक्न उचित कदम लिनेछ ।

२)	कुनै पशु कम्तिमा तीस दिन नियन्त्रणमा लिँदा पनि स्वीकृत संस्थाले पशु धनि पहिचान गर्न नसकेको स्थितीमा उक्त पशुलाई बिक्रि गर्न सक्नेछ; वा पशुको लागि उचित बासको खोजि गर्न सक्नेछ वा पशु बिक्रिको लागि सुझाव दिन सक्नेछ वा पशु कल्याण संहिता उल्लंघन नहुने गरि पशुलाई मारी व्यवस्थित गर्न सक्नेछ ।

३)	स्वीकृत संस्थाले पशु धनी पहिचान गरेमा र पशु धनीको ठेगाना पत्ता लगाएमा, उक्त स्वीकृत संस्थाले पशु धनीलाई निजको पशु उक्त स्वीकृत संस्थाले निगरानीमा राखेको छ भनी लिखित सुचना दिनुपर्नेछ र उक्त सुचना प्राप्त

गरेको सात दिन भित्र पशु दावि गर्नुपर्नेछ र स्वीकृत संस्थाले मागेको खण्डमा उक्त पशु रेखदेख तथा पशु उपचार गर्ने क्रममा लागेको खर्च तिरेमा उक्त पशुलाई पशु धनीको जिम्मा लगाउनु पर्नेछ अन्यथा, स्वीकृत संस्थाले

क) पशु बिक्रि गर्न सक्नेछ, वा

ख) पशुको घर खोज्न सक्नेछ वा

ग) पशु कल्याण संहिता उल्लंघन नहुने गरि पशुलाई मारी व्यवस्थित गर्न सक्नेछ ।

४) उपदफा ४ बमोजिम स्वीकृत संस्थाले पशु बिक्रि गरेमा उक्त बिक्रि कार्य वा पशु रेख देख गर्न वा उपचार गर्ने क्रममा लागेको खर्च कटि्ट गरी अन्य खर्च पशु कल्याण सम्बन्धी स्वीकृत संस्थाको कोषमा राख्नुपर्नेछ ।

## ५६. रेकर्ड रजिष्टर राख्नु पर्ने दायित्व

१) स्वीकृत संस्थाले बिक्रि गरेको पशुको प्रकार तथा तथ्यांक, पशु पुर्नवास गरेको पशुको संख्या वा पशु वध गरिएको संख्याको अभिलेख राख्नुपर्नेछ र हरेक पशुको सन्दर्भमा,

क) पशु निगरानीमा रहेको मिति र पशु व्यवस्थित गरिएको मितिको अभिलेख राख्नुपर्नेछ र

ख) निगरानीमा रहेको पशु बिक्रि भएको वा पुर्नवास भएको वा समाप्त पारिएको वा व्यवस्थित गरिएको सम्बन्धि अभिलेख राख्नुपर्नेछ ।

२) हरेक पशु सम्बन्धि अभिलेख निगरानीमा लिएको एक वर्षसम्म सुरक्षित राख्नुपर्नेछ ।

## ५७. प्रचलन आदेशको निवेदन

१) देहाय सम्बन्धी प्रचलनकोलागि पशु कल्याण तथा आचार समितिले जिल्ला अदालतमा निवेदन दिन सक्नेछ,

क) यस ऐनको प्रावधानको प्रचलन,

ख) यस ऐन बमोजिमको नियमावलीको प्रावधानको प्रचलन,

ग) पशु कल्याण समितिबाट जारी आचार सम्बन्धी संहिताको प्रचलन ।

२) यस दफा बमोजिम जिल्ला अदालतमा दिइएको निवेदन यस ऐनको प्रावधान विपरीत गरिएको कार्य वा पशु कल्याण तथा आचार समितिले जारी गरेको संहिता प्रचलन गर्नको लागि अदालतबाट आदेशको लागि दिन सकिनेछ ।

३) जिल्ला अदालतले आवश्यक ठानेको अवस्थामा अन्तिम प्रचलन आदेश दिने समयसम्म पशुलाई हानी हुने स्थिती भएमा अन्तरिम प्रचलन आदेश दिन सक्नेछ ।

**५८. पुनरावेदन अदालतमा पुनरावेदन दिन सकिने**

१) जिल्ला अदालतले कुनै निवेदनका सम्बन्धमा,

क) अदालतले प्रचलन आदेश दिन इन्कार गरेमा, वा

ख) अन्तिम फैसलाको रुपमा उक्त निवेदन जिल्ला अदालतले खारेज गरेमा वा अन्तिम फैसला उपर चित्त नबुझेमा

पीडित व्यक्ति वा अन्य व्यक्तिले पुनरावेदन अदालतमा शुरु फैसला भएको मितिले २१ दिन भित्र पुनरावेदन दिनसक्नेछ ।

२) पुनरावेदन अदालतको फैसला अन्तिम हुनेछ र पुनरावेदन लाग्ने छैन ।

**५९. ऐनबाट प्राप्त अधिकारमा कार्य गर्ने व्यक्तिहरुको संरक्षण**

१) कुनै पनि निरीक्षक, सहायक अधिकारी प्रत्यायित पुनरावलोकनकर्ता वा निरीक्षकको सहयोगी वा प्रहरी प्रशासनको सदस्य वा यस एन बमोजि अरु कसैले सहि नियतले काम गर्दा वा सहि नियतले कुनै काम नगर्दा यस ऐन बमोजिम व्यक्तिगत जिम्मेवार हुनेछैनन् ।

**६०. निरिक्षक तथा सहायक अधिकारीहरुको कार्यमा बाधा**

१) बदनियत तवरले कुनै पनि व्यक्तिले जानी जानी निरीक्षक वा सहायक अधिकारको कार्यमा अड्चन ल्याउने कार्य गर्नु यस ऐन बमोजिम कसूर मानिने छ ।

२) उपदफा १ बमोजिम कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुनेछ,

क) कसूरदार कुनै प्राकृतिक व्यक्ति भएमा पन्ध्र हजार सम्म जरिवाना वा तीन महिना सम्म कैद वा दुवै सजाय हुनेछ ।

ख) संस्थागत रुपमा कसूर भएकोमा पच्चिस हजारसम्म जरिवाना हुनेछ ।

# परिच्छेद ९
# विविध

**६१ सफारी पार्कमा सिकार सम्बन्धी व्यवस्था**

अन्य ऐन अनुसार सफारी पार्कमा जंगली जनावर सिकार गर्न अनुमति प्रदान गरिए अनुसार सफारी पार्कमा सिकार गर्न रोक लागेको मानिनेछैन ।

**६२. कृषि तथा हानिकरक पदार्थ**

देहायको पदार्थको प्रयोगको सम्बन्धमा यस ऐनमा कुनै बाधा पर्नेछैन :

१) कृषि पदार्थ जुन
   क) कृषि पदार्थको रुपमा कृषि पदार्थ तथा पशुचिकित्सक औषधी ऐन अन्तर्गत दर्ता भएको छ,
   ख) दर्ता भएको शर्त अनुसार प्रयोग भएको छ ।

## ६३ खर्च वसूल गर्ने सम्बन्धि कार्यविधि

१) यस ऐनबमोजिमको प्रशासनिक खर्च न्यायसंगत तथा पारदर्शी रहेको र समता तथा क्षमता अनुसार पारदर्शि रुपमा लागेको खर्च हिसाब गर्नुपर्नेछ । यस ऐनको नियमनको कार्य ऐन जारी भएको पाँच वर्ष सम्म नेपाल सरकारले गर्नेछ र सो पछि वसूल सम्बन्धी छुट्टै निकाय मार्फत गरिनेछ ।

२) देहायका प्रक्रियाबाट यस ऐन अन्तर्गत बनेको नियमावलीको प्रावधान अनुसार अधिकार, दायित्व तथा कार्य गरी ऐनले तोके अनुसार रकम असूल गर्न सक्नेछः
   क) निर्धारित शुल्क,
   ख) घण्टा वा अन्य इकाईको आधारमा निर्धारित शुल्क,
   ग) कार्य गर्नुपूर्व अनुमानित शुल्कको भुक्तानी,
   घ) वास्तविक तथा उचित शुल्क,
   ङ) सेवाको प्रवधानपूर्व वा कार्य गर्नु पूर्व भएको फिर्ता हुने वा फिर्ता नहुने निक्षेप भुक्तानी
   च) सेवाग्रही वा तेस्रो पक्षलाई लगाइएको शुल्कको रकम,